# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।१०।२६

## प्रेस विज्ञप्ति

समाचारप्रति असहमति राखी केही व्यक्तिले पत्रकार शिवप्रसाद ढुंगानालाई धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

नेपाल कम्युनिष्ट पार्टीका नेता ज्ञानबहादुर खड्का (जीबी) सँग सम्बन्धित समाचार र भिडियो लिंक फेसबुकमा पोष्ट गरेका कारण पटकपटक टेलिफोन मार्फत धम्की आएको जानकारी ढुंगानाले गराएको महासंघ ओखलढुंगा शाखाले जनाएको छ ।

समाचार चित्त नबुझे कानुन र विधिसम्मत समाधान खोज्ने विकल्प हुँदाहुँदै पत्रकारलाई धम्की दिनु प्रेस स्वतन्त्रताविरोधी कदम भएकाले महासंघ यस कार्यको भर्त्सना गर्दछ । घटनामा संलग्नलाई कानुनी दायरामा ल्याएर प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्न सम्बन्धित निकायसँग माग पनि गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org